# आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश, नेपाल

**गाउँसभाको बैठकमा २०७८ साल असार १० गते बिहीबार उपाध्यक्ष श्री विष्णु बुढा ज्यूबाट प्रस्तुत भएको**

# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**तिला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**२०७८।०३।१०**

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू,**

**तथा गाउँसभाका सदस्य ज्यूहरु ।**

"समृद्द समतामुलक सुन्दर भूमि तिला,
जैविक कृषि, पर्यटन र पूर्वाधारको आधारशिला"

भन्ने मुल नाराका साथ आज हामी ७ औ बजेट अधिवेशन संचालन गर्न गइ रहदा यो राष्ट्रको राष्ट्रियताका लागि, प्रजातन्त्र प्राप्ति, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, सामाजिक न्याय, लोकतन्त्र, संघिय लोकतान्त्रीक गणतन्त्र र संघियता प्राप्तीका लागि १९९७ साल, २००७ साल, २०४६ साल, २०६२ र २०७२ सालको जनआन्दोलन र १२ बर्षे जनयुद्दमा आफ्नो अमुल्य जिवन वलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु । यस क्रममा घाइते, वेपत्ता , अपाङगता भएका नागरीक सामाजिक न्याय प्राप्ति र परिवर्तनका आन्दोलनमा सहभागी भइ योगदान गर्नुहुने सम्पूर्ण योद्दाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

हाल विश्वव्यापी महामारीको रुपमा फैलीरहेको कोभिड १९ बाट हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेको छैन । कोभिडबाट सयौं नागरिक संक्रमित भइ कोभिड महामारीको युद्ध जितेर घर फर्किनु भएको छ । यो हाम्रा लागि सुखद् पक्ष रहेको छ भने तिला गाउँपालिका वडा नं १ निवासी एक जना नागरिकले जिल्ला कारागारमा कैदी अवस्थामा कोभिडबाट ज्यान गुमाउनु भएको छ भने जुम्ला जिल्ला लगायत देश विदेशमा रहनु भएका जिल्ला बासी तथा नेपाली नागरीकहरूले कोभिड महामारी र भरखरै मात्र म्याग्दी जिल्लाको वेनी बजार र सिन्धुपाल्चोक जिल्लाको मेलम्ची बजार लगायत देशको विभिन्न भागमा बाढी पहिरो जस्ता महाविपत्तीबाट मृत्युवरण गर्नुहुने समस्त मृतकहरू प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु । शोक सन्तप्त परिवारजन प्रति गहिरो सं वेदना व्यक्त गर्दै उक्त बाढी पहिरोबाट भएको खर बौ धनजनको क्षति प्रति दुख व्यक्त गर्दछु । उचित राहतको लागि नेपाल सरकार लगायत सम्बद्द सबैमा हार्दिक अपिल गर्दछु । कोभिड १९ बाट संक्रमितहरु र बाढि पहिरोबाट घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना समेत व्यक्त गर्दछु ।

यसै सन्दर्भमा तिला गाउँपालिका वडा नं ६ को गोठीगाउँका २७ घर र वडा नं ९ को ढिपुको मुल्ली गाउँको २९ घर आगलागी भइ धनमाल लगायत पशुधन घर पुर्ण रूपमा नष्ट भइ करोडौंको क्षति प्रति गहिरो दुख व्यक्त गर्दछु। उक्त घटनाबाट प्रभावित जन समुदाय प्रति खाध्यान्न, लत्ता कपडा भाँडाकुँडा लगायतको आर्थिक भौतिक तथा नैतिक सहयोग गर्ने सबैमा सहृदय आभार व्यक्त गर्दछु।

यो बर्ष समग्रतामा सुखद त देखिएन हिउँदमा हिउँ कम पर्नु जसले खडेरी परेर हिउँदे खेतिपातीमा ठूलो असर परेको छ भने बर्षा याम नलाग्दै देशभरी भारी बर्षा भएर पहिरो बाढी लगायतको ठूलो धनजनको क्षति भइरहेको छ थप बढि हुने र खेतिपातीमा पनि ठुलो असर परेर उत्पादन नहुने पुर्व संकेत देखिदै छ त्यसतर्फ उच्च सतर्कता अपनाउदै गम्भिर ध्यान दिनु पर्ने देखिन्छ। भने अर्कोतिर महामारीको रूपमा रहेको कोभिड १९ का विभिन्न प्रारुपमा फैलीरहेको वर्तमानको जोखिमलाइ मध्यनजर गर्दै हामीले आफ्नो बलबुताले भ्याए सम्म उपलब्ध मानवीय श्रोत र अन्य साधन परिचालन गरि परीक्षणको दायरा बढाउने, अक्सीजन आपुर्ती, स्वास्थ्य उपकरण खरीद, आवश्यक औषधी व्यवस्था तथा अग्र भागमा खटिने स्वास्थ्य कर्मी, कर्मचारी, जनप्रतिनिधीरूलाइ आवश्यक खोपको व्यवस्था गरी महामारी न्युनिकरणको प्रतिकार्यमा सम्पूर्ण शक्ती केन्द्रीत गरीदै आएका छौ। कोभिड नियन्त्रणका लागि थप प्रभावकारी बनाउन तिलाका सम्पूर्ण गाउँबस्तीमा एक एक जना सूचना श्रोत व्यक्ती नियुक्त गरी स्वदेश तथा विदेशबाट आउनेको लगत संकलन गर्ने र आएकालाइ व्यवस्थापन गर्न आवस्यक सहयोग गर्ने परिपाटी मिलाइएको छ र साथै हेल्थडेस्क व्यवस्था गरी गाँउ गाउँमा आरडीटी, एन्टीजीन, पिसिआर परिक्षणको दायरा बढाउदै देखिएका संक्रमितलाइ बस्ने व्यवस्थापनको लागि २५ बेडको संस्थागत आइसोलेसन र ५ बेडको कोभिड अस्पताल स्थापना भइ संचालनमा ल्याइएको व्यवहोरा अवगत गराउदछु। यसै सभा मार्फत सम्पूर्ण तिलावासी जनसमुदायमा उच्च जोखिममा रहेको कोभिडबाट आफु बच्न र अरूलाइ बचाउन जरूरी छ। यसमा सबै जिम्मेवार वन्न, सावधानी अपनाउन र आत्मअनुशानमा रहन अपिल पनि गर्दछु। साथै महामारी नियन्त्रण तथा रोकथामको लागि महत्वपूर्ण योगदान गर्नुहुने सम्पुर्ण जनप्रतिनीधी, स्वास्थ्यकर्मी तथा राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी, राजनीतिक दल, स्वयंसेवक, उ द्योगी

व्यवसायी, गैह्र सरकारी संघसंस्था तथा आम तिलाबासी जनसमुदायमा हार्दिक आभार प्रकट गर्दछु र थप महत्वपुर्ण योगदानको अपेक्षा गरेको छु ।

यसरी संघियता कार्यान्वयनको स्थानीय तहका संस्थापक भाग्यमानी जनप्रतिनिधी, संक्रमणकालको व्यवस्थापक यसपछिका आउने निर्वाचनबाट निर्वाचित भएर आउने जनप्रतिनिधीका लागि मार्गदर्शक हामी जनप्रतिनिधीका लागि चुनौती र अवसरको समान ओजनका भारी वोक्ने क्रममा कति चुनौतीका पहाडहरू छिचोलेर अवसरमा परिणत गर्न सफल भयौ आगामी आव २०७८ / ०८९ को निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दा हामी समिक्षक पनि बनिरहेका छौ । एक किसिमले भन्ने हो भने हामि निर्वाचित भएको ४ बर्षको दौरानमा यस पालिकाको विकास निर्माण लगायत समग्र पक्षको समिक्षा र अधुरा रहेका जनताका बीचमा गरेका प्रतिवद्दता के कति पुरा भए नभए ति कार्यलाइ पुरा गर्ने बर्षको रूपमा पनि यो बर्षको निति तथा कार्यक्रमलाइ लिन सकिन्छ । गाउँपालिका संचालनको क्रममा पुर्ण लोकतान्त्रीक प्रणाली अवलम्वन गर्दै संघियताको भावनानुसार सरकारको अनुभूति दिलाउने गरी पालिकाको देखिने र सबैले अनुभूति गर्ने खालका पालिका गौरवका आयोजना संचालनमा कति पाइप  लाइनमा रहेका  छन जुन पछिल्लो पिढिले अनुकरण गर्ने लायक सम्झन लायक बनाएका छौ । यो यस कार्यकालको महत्वपूर्ण उपलब्धीको रूपमा चित्रित हुनेछ ।

यसरी दुई दशक सम्म रिक्त रहेको स्थानीय निकायमा नेपालको संविधान जारी भइसके  पछि,संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार तिन तहको सरकार अन्तर्गत पहिलो चरणको स्थानीय तहको निर्वाचन पछि स्थापित यस तिला गाउँपालिकाको सम्मानित गाउँसभामा विगत ४ आर्थिक बर्षमा प्रस्तुत निती, कार्यक्रम तथा बजेटले अंगीकार गरेको मार्ग अनुसार यो पालिकाको विकास निर्माण लगायत समाज परिवर्तन र समृद्दिको लागि गरीएको परिकल्पनालाइ पूर्णता दिन र अधुरा सपनालाइ पुरा गर्न, तिला गाउँपालिकाको सुनौलो भाग्य र भविष्यको मार्गचित्र कोर्नको लागि आगामी आ.व. २०७८।०७९ को नीतितथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गर्भानुभूति भएको छ ।

यस तिला गाउँपालिकालाई समृद्द, समुन्नत बनाउन थुप्रै चुनौतिहरु रहेका छन् । संक्रमणकालीन स्थानीय तह संचालन गर्ने क्रममा भन्ने आम नागरिकको अपेक्षाहरू अनपेक्षित हुनु स्वभाविक नै थियो र जनअपेक्षा अनुसार कतिपय कार्य आर्थिक श्रोत, मानवीय श्रोत, संरचना, ऐन कानुन लगायतको अभावमा कतिपय कार्य नहुनु र गर्न नसक्नु पनि स्वभाविक थिय तर पनि समुदायलाइ सजिलै अवगत हुन सकेन । यस्तो परिस्थितीमा स्थानीय सरकारलाई आफ्नो क्षेत्रको शासन आफैं गर्ने, आफ्नो क्षेत्रको विकास आफैं गर्ने तथा आफूलाई आवश्यक पर्ने कानून आफैंले तयार गर्ने प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै बामे सर्दै आउने क्रममा केही अनुभव प्राप्त गरी थप व्यवस्थीत गर्दै गाउँपालिकाबासीहरुको अपेक्षा अनुरुप गाउँपालिकाले सेवा प्रवाह गर्न, विकास निर्माण गर्न,घरदैलोमा सरकारको उपस्थितिको प्रत्याभुति गराउने काम गरीरहेको छ ।तथापी थुप्रै अपुगता र अभाव भने खड्कीरहेकै छ ।यस्तो अपुगता र अभावको भुमरीको बीचमा चुनौतीको पहाड शिरमा बोकेर तिला गाउँपालिकालाई समृद्द,समुन्नत बनाउन तिला बासी जनताको विकास प्रतिको आशाको दियो जगाइ राख्न, तिला सरकार प्रति भरोशाको पिलर बनाइ राख्न आज हामी यस गरिमामय सम्मानित गाउँसभामा उपस्थित भएका छौं । यस तिला गाउँपालिकाको नीति तथा कार्यक्रम तथा तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ र ९, संघीय सरकारको नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको निती तथा कार्यक्रमला ई समेत हृदयंगम गर्दै संघीय संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान, बिशेष अनुदान, समपुरक अनुदान, शसर्त अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, आन्तरीक श्रोत लगायतको श्रोतमा आधारित भएर नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु, दिगो विकास लक्ष्य, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न आदेश, निर्देशन तथा परिपत्रहरु, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतिकरण, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, तिला गाउँपालिकाको आवधिक योजना २०७५, गाउँपालिकाको रणनितिक योजना २०७५, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धी निर्देशिका २०७८, अन्य प्रचलित विद्मान ऐन कानूनहरु, बिभिन्न विषयगत मन्त्रालयहरु, कार्यालयहरु, संघसंस्थाहरु बाट प्राप्त

मार्ग निर्देशन, सुझाव तथा अपेक्षा, बिभिन्न बिज्ञ, समितिहरुका राय, सल्लाह तथा सुझावहरु, स्थानीय राजनीतिक दल तथा आमनागरिकहरुको सुझाव, आम तिलाबासीको अपेक्षा समेतलाई हृदयङ्गम गरी यस सम्मानित गाउँसभामा आगामी आ . व. को नीति तथा कार्यक्रम सम्मानित गाउँसभामा प्रस्तुत गरेको छु ।

सम्मानित गाउँसभाका सदस्यज्युहरु,

अब म यस गरिमामय गाउँसभा समक्ष तिला गाउँपालिकाले आ.व.२०७८।०७९ मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

## १. मूलभूत नीति तथा कार्यक्रमः

१. ***समृद्ध,समतामुलक,सुन्दरभूमि,तिलाजैवीक कृषि, पर्यटन र पूर्वाधारको आधारशिला,*** भन्ने तिला गाउँपालिको दिर्घकालिन सोच हासिल गर्न प्रथम पञ्च बर्षिय रणनितिक योजनाको लक्ष्य र उदेश्य प्राप्तिका लागि आगामी कार्यक्रम केन्द्रीत गरीनेछ ।

२. कोभिड १९ को महामारी न्युनीकरण, रोकथाम, नियन्त्रण तथा उचित उपचारको व्यवस्थाको लागि प्रत्येक गाउँमा स्वयंसेवक व्यवस्था गरीनेछ । संघ र प्रदेश सरकार सँग समन्वय गरी सम्पूर्ण नागरिकला ई खोप लगाउने व्यवस्था मिलाइने छ । पालिकामा स्थापित कोभिड अस्पताल र संस्थागत आइसोलेसनला ई आवश्यक स्वास्थ्य उपकरण, औषधी तथा औषधी जन्य सामाग्रीको सहज आपुर्ती र उपलब्धताको सुनिश्चितता गरी पालिकामा उपलब्ध स्वास्थ्यकर्मी परिचालन गरी सेवा प्रदान गरीने छ ।

३. कोभिड नियन्त्रणका लागि गरीएको निषेधआज्ञा तथा बन्दाबन्दीबाट प्रभावित श्रमिक तथा न्युन वर्ग र रोजगार गुमेका मजदुर वर्गलाइ मध्यनजगर गरी र बाढि पहिरो, खडेरी, आगलागी,असिना जस्ता विपद्बाट प्रभावितलाइ समेत मध्यनजर गरी खाध्य बैंक स्थापना गरी राहत उपलब्धताको सुनिश्चितता गराइने छ र जिविकोपार्जन हुने आयमुलक कार्यक्रम संचालन गरी रोजगार दिलाइने छ

४. १० सैया हस्पीटल स्थापना गरी सेवा प्रदानको प्रवन्ध मिलाउनुका साथै आँखा उपचार केन्द्र र आयुर्वेद औषधालयको शाखा स्थापना गरी सेवा संचालनमा ल्याइने छ।

५. जेष्ठनागरीक स्वास्थ्य परिक्षण तथा विध्यालय वालवालिका स्थास्थ्य परिक्षण कार्यक्रमलाइ थप प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ।

६. पालीकाका सबै वडा र दुर्गम बस्तीहरुमा स्वास्थ्य सेवा विस्तार गरी दक्ष मानवीय श्रोतको व्यवस्था मिलाइ सहज औषधी आपुर्तीको व्यवस्था गरी स्वास्थ्य सेवामा नागरीकको पहुँच पुर्याइने छ।

७. निम्न आय भएका गरीव घरधुरी वर्गीकरण गरी क र ख वर्गका गरीव घरधुरीलाइ अनिवार्य स्वास्थ्य विमाको प्रबन्ध मिलाइने छ।

८. स्थानीय तहको शासन संचालन गर्न वनेका कानुन केही संसोधन गरीनेछ र अन्य अत्यावश्यक कानूनहरु तर्जुमा गरी सम्मानित गाउँसभाबाट पारित गराइ आम नागरिकलाई गाउँ सरकारको उपस्थितिको आभाष दिलाइनेछ।

९. संस्थागत विकासका लागि एकरूपता कायम गर्न, एकद्वार प्रर्णालीबाट सूचना लिन दिन, सामाजिक सुरक्षा तथा विकासको तथ्यांक मापन गर्न र अभिलेखीकरण गरेर भावी मार्गचित्र प्रस्तुत गराउने सजिलो यन्त्रको माध्यमबाट रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्दि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको आविधक योजना पनि तयार भएको तथापि उक्त आवधिक योजना अध्यावधिक गरी सोही अनुसार योजना तथा कार्यक्रम तय गरी सञ्चालन गरिनेछ।

१०. छरपष्ट रूपमा रहेका सहकारीहरूको अभिलेखीकरण गरेर पालिका स्तरीय संघ बनाइ समृद्ध गाउँपालिका निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ।गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लगत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण गरिनेछ।

११. साना किसान समुह, सहकारी, व्यवसायी र गाउँपालिकाको साझेदारीमा उत्पादन तथा व्यवसायीकरणका कार्यक्रम संचालन गरी आय आर्जनमा जोड दिइनेछ ।

१२. नेपाल सरकारका दिगो विकास लक्ष्य हासील हुने र निर्दिष्ट गरेको लक्ष,आम जनसमुदायको चाहना,अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ ।

१३. कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी,बाली,नगदेवाली,फलफुल,नर्सरीलाई संरक्षण, संवर्द्धन र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय तरकारी,फलफुल,नगदेवाली उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

१४. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराइनेछ । युवालाई कृषिमा आर्कषित गर्न विशेष योजना तयार गरिनेछ । आन्तरिक रोजगारि तथा आय आर्जनका सम्भावनाहरुलाई खोज अनुसन्धान गरी वैदेशिक रोजगारीलाई न्युनिकरण गर्न प्रयास गरिनेछ ।

१५. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

१६. जडिबुटी र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई हृदयङ्गम गर्दै हाइटेक नर्सरीको स्थापना गरी उन्नत जातको विरुवा तथा वेर्ना तयार गरी किसानलाइ उपलब्धता गराइने छ ।

१७. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ ।

१८. गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबुटी, लोपोन्मुख बन्यजन्तु लगायतको संरक्षण सम्वर्द्धन उपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धित निकायहरु संग समन्वय गरी अगाडी बढाईनेछ ।

१९. समाजमा रहेका विभिन्न विकृतिहरू मध्य मुख्य चुनौतीको रूपमा रहेको बालविवाह एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

२०. सामाजिक सूरक्षाका कार्यक्रम बाल अनुदान,एकल महिला,अपाङ्गता, ज्येष्ठ नागरिक,लोपोन्मुख जातिहरुको भत्ता वितरण कार्यलाई बैङ्किङ प्रणाली मार्फत कार्यान्वयनमा ल्याइनेछ।

२१. परम्परागत रुपमा चलिआएको छुईगोठ केही वस्ती मुक्त भईसकेको र बाँकि वडा तथा वस्तीहरु छुईगोठमुक्त घोषणा गरी सिंगो पालिका छुइगोठ मुक्त घोषणा गरिनेछ।

२२. गाउँपालिकालाई वातावरणमैत्री, बालमैत्री,अपाङ्गतामैत्री, लैङ्गिक हिंसा मुक्त बनाउने नीति अवलम्बन गरिनेछ।

२३. गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी रुपमा लागू गरिनेछ।

२४. गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा" (Service With Smile) को नीतिलाइ निरन्तरता दिइने छ।

२५. सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ।

२६. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ।

२७. प्रशासनिक कामकारबाहीलाई सरल,चुस्त,प्रभावकारी बनाउन निर्णय गर्ने तहलाई घटाइनेछ। लामो र झन्झटिलो निर्णय प्रकृयालाई घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ।

२८. सामाजिक संघ संस्थाका कार्यक्रम तथा सेवा सुविधा, तलब, भत्ता एकरुपता कायम गरिनुका साथै कार्यक्रम डुप्लिकेशन हुन नदिन व्यवस्था गरिनेछ।

२९. यस गाउँपालिका भित्रका सुचिकृत भएका साना,ठूला व्यवसायी,सहकारी , संघ संस्था, बिभिन्न कृषि समुह महिला समुह,आमा समुह,क्लबहरूको आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गरी चुस्तदुरूस्त राखिनेछ।

३०. गाउँपालिका क्षेत्रभित्र कुनै पनि संस्थाले तालिम, गोष्ठी, सेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको समर्थन लिनु पर्नेछ। साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली लगत संकलन गरी अभिलेख तयार गरिनेछ।

३१. बिषादी रहित गाउँपालिका बनाउन गरीएका प्रयासलाइ निरन्तरता दिइनेछ।

३२. यस गाउँपालिकाले संचालन गर्ने रु. साठी लाख (६०,००,०००।–) भन्दा माथिका भौतिक पूर्वाधारका कार्यक्रमहरु टेन्डर प्रकृयाबाट मात्र संचालन गरिनेछ।

३३. "आफ्नो वडा, आफैं बनाउँ" भन्ने मूल नीतिलाई अवलम्बन गरिनेछ।

३४. गाउँपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा ४% प्राविधिक खर्च (Contingency Cost) काटिनेछ।

३५. तिला गाउँ पालिका क्षेत्रमा रहेका निरक्षरता तथ्याङक संकलन गरी साक्षरता कक्षा संचालन भएको तर कोभिड १९ का कारण साक्षर गाउँपालिका घोषणा गर्न नसकिएकाले पुनर्ताजकी कक्षा संचालन गरी साक्षर गाउँ पालिका घोषणा गरीने छ।

३६. यस गाउँपालिकामा नयाँ निर्माण गरीने खानेपानी आयोजनाहरू निर्माण गर्दा एक घर एक धाराको नीतिलाई अवलम्वन गरीनेछ।

३७. आ व २०७४/०७५ को गाउँसभाबाट पारित भएको वि द्यालयको तह मिलान, कक्षा थपघट, विध्यालय स्थापना गर्ने सम्बन्धी निर्णयलाइ कार्यान्वयनमा ल्याइने छ रसम्पुर्ण आधारभुत विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यम अध्ययन अध्यापन गरीनेछ।

## २. क्षेत्रगत नीति तथा कार्यक्रमः

### १. आर्थिक विकासः

**कृषि तथा पशु विकासः**

- तिला गाउँपालिका स्तरीय कृषि तथा खा   द्य सुरक्षा १० बर्षे दिर्गकालिन रणनीतिक तथा प्रतिकार्य योजना निर्माण गरी आवधिक योजनाको प्राथमिकता तथा रणनीति अवसरलाइ कार्यान्वय गरीने छ।

- मार्सि धान, स्याउ, ओखर, सिमी, फापर, आलु उत्पादन अभिवृद्दी गर्न पकेट क्षेत्र निर्धारण गरी त्यस क्षेत्रको उत्पादन बढावाका लागि उपयुक्त प्रविधी, सीप र दिगो सिंचाइ सुविधा लगायत आवस्यक पुर्वाधारको पहुँच बढाइ उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिनेछ।

- स्थानीय विऊविजन जोगाउन, सीप र प्रविधीको प्रसार,क्षमता विकासद्वारा उत्पादन बृद्दी तथा व्ययवसायीकरण गर्न सरकारी तथा गैह्र सरकारी संघ संस्था, निजी क्षेत्र रकृषि सहकारी संस्था बीच समन्वय सहकार्य र साझेदारीतामा अगाडी बढाइने छ।

- गाउँपालिका क्षेत्र भित्र घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ।

- माटोको उर्वरशक्तीलाइ बढाउन र कायम राख्न गुणस्तरीय जैविक मलको प्रयोग र उन्नत प्रविधिको सीप विकासमा विषेश जोड दिइनेछ।

- स्थानीय भू उपयोग प्रर्णालीलाइ प्रवर्धन गरी खेतियोग्य जमिनको संरक्षण गरी स्थानीय वाली उत्पादन बढाइ आयात कम गरीनेछ।

- गाउँपालिका क्षेत्र भित्र कृषि प्राविधिकहरुको वाह्रै महिना परिचालन गरिनेछ

- पालिकामा खा द्य बैंक स्थापना गरी सेवा प्रदान गरीने छ। साथै पालिकाका उत्पादित बस्तुको कोशेली घर समेत संचालनमा ल्याइने छ।

- पशु सेवा विकास तथा प्रसार तर्फ मध्यम तथा विपन्न किसानहरुलाई लक्षित गरी व्यवसायिक फार्म प्रर्वदन कायर्कम गरिनेछ।

- गोठ तथा भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- नश्ल सुधार कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्र भित्रका पशुपालक किसान समूह समिति उधमी हरुलाई प्रजनन् योग्य उन्नत जातको बोयर , बोका, जर्सी, साँढे मुर्रा, रागो उपलब्ध गराइनेछ।
- गाउँपालिका क्षेत्र भित्र पालिएका प्रजनन् अयोग्य बहर , बोका बन्ध्याकरणमा निरन्तरता दिइने छ।
- कृतिम गर्वधान सेवालाई सर्वसुलभ निरन्तरता दिइने छ।
- पशुपालक कृषक समूह समितिको आम्दानीमा बृदि गर्न टर्की , लौकाट चल्ला वितरण गरिनेछ।
- पशु स्वास्थ्य कार्यक्रम गाउँपालिकाको सबै वडामा वर्ष भरि सञ्चालन गरिनेछ।
- पशु आहाराको लागि उन्नत घाँसको बीउ तथा मिनरल बलक वितरण गरिनेछ।
- पशुपन्छी बजार प्रवर्धन कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्रभित्र स्वच्छ मासु तथा दुध बिक्री बितरण गर्न मासु पसल तथा डेरी पसलको स्थापना गरिनेछ।
- मत्स्य बिकासको लागि गाउँपालिका क्षेत्र भित्र माछा पोखरी स्थापना गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र पर्ने सबै वडामा रेबीज रोग नियन्त्रण तथा अन्य रोग विरुद्ध खोप सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका मासु पसल औषधि पसलहरूको अनुगमनलाई प्रभावकारी बनाइनेछ।
- पशुजन्य उत्पादित वस्तुहरूको बजार व्यवस्थापन

- पालिकामा संभाव्य क्षेत्रमा दुग्ध उत्पादनमा जोड दिइ दुग्ध डेरी स्थापनामा जोड दिइने छ।

**रोजगार,उद्योग तथा बाणिज्यः**

- बजार तथा वातावरण सम्भाव्यता पहिचान गरिने छ।
- सम्भाब्य लघु उद्यमीको पहिचान तथा छनौट गरिने छ।
- कार्यक्रमको उद्देश्य सहभागीहरुको रुची क्षमता आवश्यकता आधारमा समुहमा आवद्ध हुन अभिमुखिकरण गरिने छ।
- लघु उद्यमीलाई वार्षिक कार्यक्रममा ब्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण व्यवस्था गरिने छ।
- विपन्न आर्थिक अवस्था भएका र उद्यम ब्यवसाय गर्ने महिला तथा युवाहरुलाई पुनर्ताजगी सीप तालिम दिईने छ।
- स्थानीय उद्योग धन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।
- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाई प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानुनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।
- वनस्पति तेल उत्पादन गर्न लघुउद्योग स्थापना गरिनेछ।
- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने।
- रोजगारी सिर्जनाका लागी अन्तर क्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने।

- सीपमूलक तालिम मार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपुर्ति गर्ने।
- रोजगारी श्रृजनामा निति,सहकारी तथा सामुदायिक क्षेत्र संग सहकार्य गर्ने।
- स्थानिय तहमा सन्चालन हुने सार्वजनिक निर्माण कार्य तथा व्यवसायिक सिपमूलक तालिमहरुमारोजगार व्यवस्थापन सुचना प्रणालीमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई प्राथमिकता दिने।
- सवै नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभुती हुने गरी मौलिकहकमा रहेको रोजगारीको हकको कार्यान्वयन गर्ने।

**लघु उद्यम विकास तथा गिरिबी निवारण कार्यक्रम (MEDPA) :**

- यस तिला गाउँपालिकामा रहेका बेरोजगार युवा र युवतीहरु तथा गरिबीको रेखामुनी रहेका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी उनीहरुको जिवनस्तर उकास्नका लागि विभिन्न किसिमका तालिमहरु संचालन गरिने छ।
- लघु उद्यम प्रवर्दनका लागि गाउँपालिका स्तरमा १ वटा ढाकाँ , ठेटुका र राँडिपाखी उद्योग स्थापना गरी संचालनमा ल्याईने छ।
- ब्यवसायीक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम , यन्त्र औजार सहयोग र अवलोकन भ्रमणको ब्यवस्था मिलाइने छ।
- बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगार मुखी सिप प्रदान गरिने छ।
- युवा स्वरोजगार तथा उधम शिलता विकासका लागि युवा उद्यमशिलता कार्यक्रम संचालन गरीनेछ।
- बेरोजगार युवाहरुको लगत संकलन गरेर उनीहरुलाई रोजगारी सिर्जना पहल गरिनेछ।

**पर्यटनः**

- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गर्न तिला गाउँपालिकाको पर्यटन योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ। त्रिवेणि,नदैखोप्री, भग्नावेश कोट दरबार, पातारसाँघु, रायापुर्वा लाई धार्मिक तथा सांस्कृति पर्यटनको क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ।
- नाग्म पार्क निर्माण कार्य गरिनेछ।

**सहकारी वित्तीयः**

- लघु उद्यम प्रवर्द्धनका लागि गाउँपालिका स्तरमा १ लघु उ द्यम स्थापना गरी संचालनमा ल्याईने छ।
- ब्यवसायीक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई ***अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम*** संचालन गरी आधारभूत तालिम , श्रोत,दयन्त्रऔजार सहयोग र अवलोकन भ्रमणको ब्यवस्था मिलाइने।
- बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगारमुखी सिप प्रदान गरिने।
- युवा स्वरोजगार तथा उधम शिलता विकासका लागि युवा उधमशिलता कार्यक्रम संचालन गरीनेछ।
- यस तिला गाउँपालिकामा छरफ्रष्ट रहेका अथवा निष्क्रिय अवस्थामा रहेका सहकारीहरु खारेजी गर्नुका साथै जनसंख्याको आधारमा सहकारी संस्थाहरुलाई मर्च गर्दै लैजाने र सम्पूर्ण सहकारीहरुलाई अनिवार्य रुपमा COPOMIS मा आवद्ध गर्दै लौजाने व्यवस्था मिलाइने छ।
- गुणस्तर निर्धारण गर्ने संस्थागत क्षमता विकास गरि स बै सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्ध भइरहेका छन। सवै सहकारी

संस्थाहरुलाई गाउँपालिकाले समन्वय र सहकार्य गर्ने व्यावस्था मिलाईने छ।

- श्रमिक सहकारी मार्फत निरन्तर रुपमा उपयुक्त पारिश्रमिक सहितको मर्यादित रोजगारीको व्वस्था गर्न पहल गरिनेछ। यसैगरी उत्पादन सहकारी मार्फत वस्तु उत्पादन प्रसोधन , ग्रेडिङ , लेवलिङ्ग, प्याकेजिङ र भण्डारण पस्चात वजारीकरण मूल्य श्रृखला सिर्जना गर्नु पर्ने हुन्छ यसका लागि प्रदेश स्तरमा सहकारी संयन्त्र निर्माण गर्न पहल गरिनेछ।
- स्थानीय स्तरका सवै व्यपारिक फर्म तथा पसलहरुलाई अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ।
- स्थानीय स्तरका व्यापारीहरुलाई उपभोग्य खाद्य वस्तु आपूर्ति प्रणालीमा सुधार एवं भण्डारण क्षमतामा वृदि गर्न र आन्तरिक वितरण प्रणाली सुदृढ गर्न प्रोत्साहान गरिनेछ।
- गाउँपालिका भित्रका सहकारीहरु दर्ता , नविकरण तथा आवश्यकता अनुसार क्षमता वृद्धिका कार्यक्रमहरु गरिनेछ र प्रभावकारी अनुगमन गरिनेछ।

## २. सामाजिक बिकास:

### शिक्षा:

- कोभिड १९ महामारीका कारण अवरुद्ध शिक्षण सिकाइका गतिविधिलाई निरन्तरता दिन निश्चित क्रेडिट आवरमा सम्बन्धित विषयका रोष्टर शिक्षकबाटस्थानीय रेडीयो तथा एफएम मार्फत **शिक्षा चौतारी कार्यक्रम** सञ्चालन गर्ने।
- आधारभुत विद्यालको शैक्षिक गुणस्तर सुधारका लागि एक आधारभूत विद्यालय एक पुस्तकालय कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरीनेछ।

- उत्कृष्ठ शैक्षिक नतिजा हासिल गरेका विद्यालयका शिक्षकहरुलाई अन्तर विद्यालय शिक्षण सहजीकरणमा परीचालन गर्ने नीति लिइनेछ।
- शैक्षिक व्यवस्थापन तथा प्रधानाध्यापक नेतृत्व क्षमता विकास अन्तरक्रिया कार्यशाला सञ्चालन गर्ने।
- नतिजामा आधारित उत्कृष्ठ व्यवस्थापन समिति , शिक्षक तथा विद्यार्थी पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरीनेछ।
- माध्यमिक विद्यालयमा विज्ञान विषयको प्रयोगात्मक कक्षा सञ्चालनमा सहजता हुनेगरी विज्ञान सामग्री व्यवस्थापन अनुदान कार्यक्रम संचालन गरीनेछ।
- प्राविधिक धार सञ्चालन भएका विद्यालयमा विद्यार्थीहरुलाई **सिक्दै कमाउदै**(LEARN & EARN) नमुनायोग्य कार्यक्रम सञ्चालनका लागि वीउ पुँजीस्वरुप अनुदान उपलव्ध गराइनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको शिक्षण सिकाई कौसलतामा सहजीकरण हुनेगरी प्राध्यापक / विषय विज्ञ (अतिथि ) **नमुना कक्षा शिक्षण तथा ज्ञान हस्तान्तरण** कार्यक्रम सञ्चालन गरीनेछ।
- विद्यालय शिक्षालाई व्यवहारीक , जीवनोपयोगी र ज्ञानमा आधारित बनाउन माटो सुहाउदो एवम स्थानीय विशिष्टता र उद्यमशीलतामा आधारित स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा जोड दिइनेछ।
- तिलावासी भएकोमा गौरव गर्न सक्ने जनशक्ति उत्पादन गर्न ब्यवहारीक एवम् कार्यान्वयनयोग्य शिक्षा नीति निर्माण गरी सार्वजनिक शिक्षाको सवलीकरणमा जोड दिइनेछ।
- सार्वजनिक विद्यालयको गुणस्तर सुधारको मार्ग प्रसस्त गर्नेगरी १० बर्षे शिक्षा क्षेत्र विकास योजना (ESP) निर्माण गरिनेछ।

- पालिकास्तरमा प्राविधिक जनशक्तिको उपलव्धतालाई सहज बनाउन प्रदेश र स्थानीय तहको लागत साझेदारीमा (कृषि, बन, पर्यावरण, विज्ञान तथा प्रविधि , चिकित्सा , आयुर्वेद , पर्यटन , ईन्जिनियरिङ्ग , जल बिद्युत , नविकरणिय उर्जा लगायत विशिष्टिकृत विधामा ) उच्च प्राविधिक अध्ययन छात्रबृत्ति कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरीनेछ ।
- उच्च शिक्षामा सबैको पहुँच अभिबृद्धि गरी शिक्षा पाउने नागरिकको संवैधानिक हकको सुनिश्चित गर्न निश्चित मापदण्डका आधारमा पालिका भीत्रका १५ जना गरीव , विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि छात्रबृत्ती कार्यक्रम सञ्चालन गरीनेछ ।
- नेपाल सरकारको निति अनुसार "चिनौ आफ्नो माटो बनाऔ आफ्नो देश "को मुल मन्त्र अनुसार स्नातकोत्तर गरेका बेरोजगार युवालाई विकाश निर्माण तथा शैक्षिक सुधारका लागि स्वंयमसेवकका रुपमा गाउँ पालिका भर परिचालन गरिने
- हरित विद्यालयको अवधारणा अनुरुप एक विद्यालय एक करेशावारी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- समुदायमा कृषि प्रविधिको हस्तान्तरण गर्ने उदेश्यका साथ विद्यालय र पालिकाको लागत साझेदारीमा एक कृषि प्राविधिक विद्यार्थी एक प्लाष्टिक टनेल कार्यक्रम संचालनमा जोड दिइनेछ ।
- सामुदायिक विद्यालयहरुलाई भुगोल , शिक्षक विद्यार्थी अनुपात , प्रभाव क्षेत्रको सम्भाव्यता र स्थानीय सरकारको नीति बमोजिम वित्तीय तथा शैक्षिक जनशक्तिको उच्चतम उपयोग गरी एउटै छानाभीत्र (बृहत विद्यालय) बाट शैक्षिक गुणस्तर सुनिश्चित गर्न विद्यालय मर्ज गर्ने नीति अवलम्बन गरीनेछ ।
- उच्चस्तरको शैक्षिक जनशक्ति उत्पादनमा तिला गाउँपालिकालाई शैक्षिक हवका रुपमा विकास गर्न स्थानीय विशिष्टता , आवश्यकता ,औचित्यतता,

सम्भाव्यता र सामर्थ्यताका आधारमा मध्यपश्चिम विश्वविद्यालयबाट सम्बन्धन लिई स्नातक तह सम्मको क्याम्पस स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने ।

- **" शिक्षित सन्तान इश्वरको वरदान "** भन्ने अवधारणाको विकास गरी नानी बाबुहरुको शैक्षिक उन्नतिका लागि अभिभावकहरुलाई थप जवाफदेही बनाउन  अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यार्थीहरुलाई सार्वजनिक सेवा प्रतिको सकारात्मक दृष्टीकोण विकास गराउन **एक दिन राष्टसेवक कर्मचारी विद्यालयमा** कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यार्थीहरुलाई प्रहरी प्रतिको सकारात्मक धारणा विकास गराई , ट्राफिक नियम र अन्य सार्वजनिक सुरक्षाका विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालनका लागि "**एकदिन विद्यार्थीसंग प्रहरी कार्यक्रम** "सञ्चालन गर्ने ।
- गाउँपालिका भित्र नमुना अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्न आधारभुत तहमा सबै विद्यालयमा कार्यक्रम थप गरीनेछ।जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ ।
- विद्यार्थी शिक्षक अनुपातमा दरवन्दी निर्धारण गरी आवश्यकताको आधारमा शिक्षक परिपूर्ति गरिनेछ ।साथै शिक्षक,विद्यार्थी, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिको साझा विद्यालय आचारसंहिता बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- यस गाउँपालिकामा कम्तिमा एक आवाशीय प्राविधिक शिक्षालय र एक स्नातक तह सम्मको अध्ययन अध्यापन गराउने क्याम्पस स्थापनाको लागि आवश्यक तयारी अघि बढाइनेछ र सामुदायिक विद्यालहरूमा प्राविधिक तथा व्यवसायिक कक्षा संचालनका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

- प्रत्येक वडाहरुमा युवा क्लव निर्माण गरी युवा संसद कार्यक्रम सञ्चालन गरी समाज रुपान्तरणमा युवा साझेदारीताको नीति लिईनेछ।

**स्वास्थ्य:**

- कोभिड १९ नियन्त्रणमा विशेष योजना बनाइ नागरीक सुरक्षाको प्रबन्ध मिलाइने छ।
- गाउँपालिका स्तरको अस्पताल समयमै सम्पन्न गर्नको लागि बिशेष पहल गरीनेछ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ। प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिनेछ।
- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ। कम्तिमा एउटा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ।
- हरेक घरका गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ।
- गाउँमै बसोबास गर्ने वासिन्दाहरुको लागि स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।
- वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ।
- स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तारमा जोड दिइनेछ।
- जेष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान घरघरमा गई नियमित रुपमा परिक्षण गरी सेवा प्रदान गरीनेछ।

- सम्पूर्ण विद्यालयका छात्र छात्राहरूलाई मासिक रूपमा नियमित स्वास्थ्य परिक्षण गरी सेवा प्रदान गर्नका लागि विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरीने छ।
- स्वास्थ्य सेवा पहुँचमा नरहेका वडा र वडाका वस्तीमा स्वास्थ्य सेवा पहुँच बृद्दि गरीनेछ।
- औषधी आपुर्तीमा सहजता ल्याइने छ।

**महिला वालवालिका तथा पोषण**

- यस तिला गाउँपालिकामा महिला , किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीयपोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई यस आ . व.का लागि यस तिला गाउँपालिकालेरकम समपुरक कोष ( Matching fund) को व्यबस्था गर्नेछ।
- बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन( NFLG) अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणाका लागि बिशेष अभियान सन्चालन गर्ने छ। यस्का लागि एक वडा , एक पोषण मैत्री नमुना गाउँको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ। वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट बिनियोजन गरी वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ। यस बर्ष कुनै १ वार्डलाई पोषण मैत्री वार्ड घोषणा गरिनेछ।
- नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस तिला गाउँपालिकाले उच्च प्राथमिकतामा राख्ने छ। सोही अनुरुप आ.ब २०७८।०७९को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाँउपालिकाले छुट्याएको

समपुरक रकम समेतलाई बिषयगत तथा क्षेत्र गत बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ।

- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान , खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासनमा आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ ।
- गाँउपालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै गाँउपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीय पोषण पाश्र्व चित्र(Nutrition Profile) यसै बर्ष भित्र तयार गरिने छ ।
- समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी , बाल बिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गर्ने।
- सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताकोसुनिश्चितता गरिनेछ।
- **बहुक्षेत्रीय पोषण योजना अन्र्तगत सन्चालन गर्नुपर्ने थप निति तथा क्रियाकलापहरु**

  १ गर्भवति, सुत्केरी र बालबालिकालाई पालिलका उपाध्यक्षको कोसेली कार्यक्रमः पोषण झोला बितरण।

  २ एक घर, एक नमुना करेसाबारी।

  ३ गर्भवतीसँग उपाध्यक्ष कार्यक्रमलाई यस आ. व. मा निरन्तरता दिइनेछ ।

  ४ सबै गर्भवतिहरुको "घर घरमा झण्डा र हात हातमा अण्डा" ।

  ५ गर्भवति र सुत्केरीहरुलाई पोसिलो पिठो बितरण ।

  ६ सुनौला हजार दिनका आमाहरुसंग आयआर्जन कार्यक्रम ।

७ एक वडा, एक पोषण मैत्री नमुना गाउँ कार्यक्रम ।

८ पोषण मैत्री गाउ, टोल र पोषण मैत्री वडा घोषणा कार्यक्रम ।

९ पोषण सहजकर्ता परिचालन ।

१०एक वडा, एक पोषण द्रुतका लागि किशोरी कार्यक्रम ।

११ कुपोषण पहिचानका लागि समुदाय स्तरमा पोषण लेखाजोखा ।

१२ गाउँपालिका तथा ९ वटै वडा कार्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रर्दशनी कक्ष को व्यवस्था गरिने छ ।

१३ एक घर, एक जुठेल्नो निमार्ण कार्यक्रम ।

१४ पशुजन्य श्रोत उपभोगका लागि सुनौलो हजार दिनका घरपरिवारलाई अण्डा, कुखुराका चल्ला, घिउ बितरण।

१५ समुदायमा समूह सुद्धिकरण गर्न पुरुष टोल समिति गठन गरिने छ ।

- समाजमा हुने विकृति विसंगतिहरुलाई न्यूनीकरण गर्न विशेष कार्यक्रमको व्याबस्था गरिने छ ।
- महिला समूह समिति र संस्थालाई सुद्धिकरण तथा व्यवस्थित गरिने छ।
- दाईजो प्रथालाई निरुत्साहित गर्न सचेतनामूलक कार्यक्रमको व्यबस्था गरिनेछ ।
- बालबालिकाको अधिकार सुनिश्चीको लागि बिशेष कार्यक्रमको व्यबस्था गरिने छ ।
- उपाध्यक्षसँग महिला कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।
- महिला हुड्के नाच संरक्षण तथा प्रवर्दन गर्ने व्याबस्था गरिने छ ।
- छुईगोठमुक्त घोषण , विभिन्न दिबसिय कार्यक्रम तथाजेष्ठ नागरिक सम्मान कार्यक्रमलाईनिरन्तरता दिईने छ।
- गाउँपालिका स्तरमा एउटा ढाका र ठेटुका उद्योग दर्ता गरि संचालनमा ल्याइने छ ।

- तिला गाउँपालिकामा छोरी मात्र जन्माएर स्थायी वन्ध्याकरण गर्ने दम्पत्तिलाई विशेष सम्मान गरिने छ।
- गाउँपालिकामा आश्रय सहितको महिला सेवा केन्द्रको स्थापना गरिने छ।
- अपांगता भएका व्याक्तिको अवस्था पहिचान गरि सीपमूलक तालिमको व्याबस्था गरिने छ।
- अपांगता भएका व्याक्तिहरुलाई जनचेतना मूलक कार्यक्रमको व्यवस्था गरिने छ।
- अपांगता भएका व्याक्तिहरुको अवस्था पहिचान गरि अपांग साहयता सामानको व्यबस्था गरिने छ।
- विगत स्वसस्त्र द्वन्दको समयमा घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई पहिचान गरि प्रथामिकता दिइने छ।

**अपांग पुर्नस्थापना संजाल**

- अपांगता भएका व्याक्तिको अवस्था पहिचान गरि सीपमूलक तालिमको व्याबस्था गरिनेछ।
- अपांगता भएका व्याक्तिहरुलाई जनचेतना मूलक कार्यक्रमको व्यवस्था गरिनेछ।
- अपांगता भएका व्याक्तिहरुको अवस्था पहिचान गरि अपांग साहयता सामानको व्यबस्था गरिनेछ।
- विगत स्वसस्त्र द्वन्दको समयमा घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई पहिचान गरि प्रथामिकता दिइनेछ।

**खानेपानी तथा सरसफाई:**

- तिला बृहत खानेपानी संचालनमा संघीय खानेपानी कार्यालयसँग आवस्यक सहजीकरण गरी समयमै निर्माण गर्न बिशेष पहल गरीनेछ।

- स्वच्छ खानेपानिमा तिलाबासीको पहुँच अभिवृद्धि गरिनेछ। कम्तिमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी यथासम्भव रुपमा खानेपानी आयोजना संचालनमा ल्याइनेछ।
- एक घर एक धारा नीति अवलम्वन गरिनेछ।

**संस्कृति प्रवर्द्धन:**

- तिला गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ।गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण प्रवर्धनका लागि अभिलेखिकरण  दस्तावेजीकरण गरिनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण:**

- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैँगिक समानतालाई प्रवर्द्धन गरिनेछ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिलालाई विशेष प्राथमिकता दिइनेछ।
- महिला, दलित, अल्पसंख्यकहरुको क्षमता विकासका लागि सशक्तिकरणका कार्यक्रम संचालन गरीनेछ।

**३. भौतिक पूर्वाधार विकास:**

**सडक तथा पुल:**

- सडक पहुँचबाट बन्चीत तल्लो खोप्री, माथिल्ला खोप्री र रीपी गाउँलाइ सडक संजालमा जोडीने छ।

- तिला खोला जलविधुतको निर्माण कार्यालाइ पुर्णता दिइ संचालनमा ल्याइनेछ।
- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ उत्त सडक मापडण्ड अनुसार निर्माण गरी नक्सा जाँच पास गरी सडक जग्गाको लगत कट्टा  गरिनेछ।
- गाउँपालिका भित्र आवश्यक क्षेत्रमा झोलुङ्गे पुल, बेली ब्रिज र पक्की पुल निर्माण गरी सेवा विस्तार गरीनेछ।

**सिंचाईः**

- खेतियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन सिचाइ टंयाङकी निर्माण गरी मुख्य कुलोहरु संचालनमा ल्याइनेछ भने बाँकी सुक्खा जमीन लिफ्ट सिंचाई प्रविधको लागि सम्भाव्यता अध्ययन भईसकेकोले कार्यन्वयनमा ल्याईनेछ। लिप्ट सिंचाइलाई समेत पहिलो प्राथमिकता दिईनेछ।

**भवन तथा शहरी विकासः**

- गाउँपालिका क्षेत्रमा व्यवस्थित शहरी विकास गर्न व्यवस्थित गुरु योजना, भू-उपयोग योजना लगायतको नीति अबलम्वन गरिनेछ।
- गाउँपालिका भित्र अव निर्माण हुने सम्पुर्ण  भवन तथा घर निर्माण गर्दा अनिवार्य नक्सा पास गरी  भुकम्प प्रतिरोधि बनाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र बनेका सम्पूर्ण घरहरुको हालको अवस्था तथ्याङक संकलन गरि अभिलेखिकरण गरीनेछ।

**जलविद्युतः**

- तिला गाउँपालिकालाई समृद्ध, समुन्नत बनाउन आवश्यक पर्ने उर्जा क्षेत्रमा सम्पुर्ण गाउँपालिकाबासीलाईपनि बिद्युत उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आय सिर्जना गर्ने तिलाखोला साना जलविधुत तुही (९८७)

किवा मि नि हाइड्रो प्रोजेक्ट (Mini Hydro Project) संचालनमा ल्याइनेछ ।तिला ७ पोखरी गाउमा निर्माण हुने ६० किलो वाटको विन्ड इनर्जी संचालनमा ल्याइ सेवा विस्तार गरीने छ भने वडा नं ३ र ५ लाइ बिधुत पहुँचमा पुगाउनको लागि विन्ड इनर्जी निर्माणको लागि बिषेश पहल गरीने छ। राष्ट्रीय प्रसारण लाइन सबै बस्तीमा विस्तारका लागि समेत बिषेश पहल गरीने छ।

- विधुत लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा वातावरणीय तथा जलीय संरक्षणमा विशेष ध्यान दिईनेछ।

**संचारः**

- गाउँपालिकालाई संचार क्षेत्रको पहुँचमा नजोडीएका बस्तीमा पहुँच बृद्दीका लागि बिषेश पहल गरी सेवा उपलब्ध गराइनेछ।

**४. वातावरण तथा विपद् व्यवस्थापनः**

**वन तथा भू-संरक्षणः**

- सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ।
- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ।
- वातावरण सन्तुलनका लागि एक घर एक रुखको निति अवलम्वन गरी हरीयाली तिला वनाईनेछ।
- सडक छेउछाउमा रुखहरु लगाई हरियाली वनाईनेछ।
- कर्णाली राजमार्गमा रहेका वजारहरुको फोहर व्यस्थापन गर्न ढल निकासीको निति लिईनेछ।
- वन पैदावारको उचित संरक्षण सङ्कलन सदुपयोग र व्यवस्थापन गरिने छ।

- स्थानिय तह सुवाउदो महत्वपूर्ण प्रजातिको विरुवा छनौट गरि वन संरक्षण तथा व्यवस्थापन गर्नवन बिउ बगैचा स्थापन गरिने छ ।
- पालिका भित्रका सुख्खा डाँडा तथा नदि किनारमा आम्दानिकालागि आयमूलक बोट विरुवाको बृक्षारोपण तथा आयमूलक हरीयाली कार्यक्रम संचालन गरिने छ ।
- सडकको दुबै तर्फ सौन्दर्य प्रदायक सडक सुरक्षा तथा आयमूलक विरुवाको बृक्षारोपण गरि हरियालि सडक बिकस गर्न प्रोत्साहित गरिने छ ।
- गाउँपालिका भित्रको भूगोल हेरी भू संरक्षणका कार्यक्रमहरु अगाडि बढाईने छ ।
- संघ प्रदेश तथा निजि क्षेत्रको साझेदारिमा पालिका भित्र पाईने विभिन्न जटिबुटीको प्रशोधन तथा निर्यात गर्न जडिबुटी प्रशोधन उद्धोग संचालन गरिने छ ।
- पालिका भित्रका सामुदायीक निजि तथा सरकारी बन संरक्षण गर्नकालागि समुदायलाई वनसँग जोडन वनको महत्व प्रचार गर्न चोरी आगजनिका घटना न्यूनिकरण गर्न प्रभावकारी कार्यक्रम संचालन गरिने छ
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गर्न बैकल्पीक झोला प्रवर्धन कार्यक्रम संचालन गरिने छ साथै वातावरणीय प्रदूषण अनुगमन स्टेशन स्थापन गरि प्रदूषण न्यूनिकरण योजनालाई कार्यान्वयनमा ल्याईने छ
- सामुदायीक वनलाई आयमूलक तथा ब्यवसायीक वनको रुपमा विकास गरिने छ ।

**जलवायु परिवर्तनः**

- गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

- मेरो फोहर मेरो जिम्मेवारि भन्ने मूल नाराका साथ वजार सुधार गरिनेछ ।
- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माणको लागि थप गरिनेछ ।

**विपद् व्यवस्थापनः**

- गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक कोषको व्यवस्था गरिनेछ ।
- विपद जोखिम न्युनीकरणका लाग पालिका स्तरीय मौसम सूचना केन्द्र स्थापना गरीनेछ र उक्त सुचना केन्द्रको लिंक हरेक बस्तीमा विस्तार गरी विपद्को पुर्वसूचनाको नागरीकलाइ सुनिस्चिता गरीनेछ ।
- यस गाउँपालिकाको विभिन्न वडा बस्तीमा आकस्मिक विपद सम्बन्धि (बाढी, पहिरो , आगलागी ) भौतिक तथा मानविय क्षती हुने भएकोले सतर्कता अपनाउनको लागी प्रत्येक टोल बस्तीहरुमा सचेतनामूलक अभियान संचालन गर्ने निति लिईएको छ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाहः**

**मानव संशाधन विकासः**

- गाउँपालिकाका उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- शिक्षा स्वास्थ्य लगायत अन्य क्षेत्र आवश्यक मानव संशाधनलाई आवश्यक नीति नियम कार्यविधि वनाई परिपूर्ति गरिनेछ ।
- कर्मचारीहरुलाई क्षमता वृद्धिका लागि उचित तालिमको व्यवस्थापन गरिनेछ ।

- गाउँपालिका भित्र कार्यरत कर्मचारीहरु को मनोवल उच्च राख्न प्रोत्साहन तथा सुरक्षाको प्रत्याभूति दिलाईनेछ।
- लामो समय देखि स्थानीय तहमा कामकाज गर्दै आई रहेका स्थायी कर्मचारीहरुको लागी ऐन कानून तयार गरी तह तथा स्तरवृद्धिको व्यवस्था मिलाईनेछ।
- यस गाउँपालिकामा ओ एण्ड एम सर्भे गरी गाउँपालिका र गाउँपालिका अन्तरगतका प्रत्येक वडा कार्यालय , विषयगत शाखा मा आवश्यकता अनुसार दरवन्दी सिर्जना गरिने व्यवस्था मिलाईनेछ साथै स्वास्थ्य चौकीहरुमा न्यूनतम १ । १ जना कार्यालय सहयोगीको समेत दरवन्दी सिर्जना गर्न पहल गरिनेछ।

**संस्थागत क्षमता विकासः**

- एकिकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्नेः पारिवारिक विवरण स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक सेवा प्रवाह गर्नपहल गरिनेछ।
- पञ्जिकरण तथा सामाजिक सुरक्षा व्यवस्था गर्न अन लाईन सप्टवयर तालिमको व्यवस्था गरी अनिवार्य अनलाइन प्रणाली पुर्ण रूपमा लागू गरिनेछ।

**संस्थागत पूर्वाधारः**

- गाउँपालिका कार्यालय भवन निर्माणमा विशेष जोड दीइ यही आर्थीक बर्षबाट संचालनमा ल्याइने छ। कतिपय वडा कार्यालय नभएका वडा कार्यालयको जग्गा प्राप्तिको प्रकृया थानली गरी भवन निर्माणमा बिषेश पहल गरीनेछ।

- वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेशिनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाई सजिलै, घरदैलोमै सेवा प्रवाह गर्ने अवसर सिर्जना गरिनेछ ।

**नागरिक वडापत्र प्रणाली:**

- गाउँपालिका तथा प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।

**६. वित्तीय व्यवस्थापन र सुशासन:**

**राजस्व परिचालन:**

- एक महिना भित्र गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने ।
- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा गाउँपालिका वित्तीय क्षेत्र व्यवसायी कर्मचारीको संयुत्त पहलमा संघ संस्थाहरुको सहकार्यमा जनचेतना बिस्तार गरिनेछ ।
- एकीकृत सम्पत्ति कर असुली व्यवस्थित गर्न सूचना प्रविधि अवलम्वन गरी अभियान संचालन गरिनेछ ।

**बेरुजु फर्छ्यौट:**

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ । साथै साविकका गा.वि.स.का पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै

वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ। वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका बनाइनेछ।

**सार्वजनिक सुनुवाईः**

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ।

सम्मानित गाउँसभाका सदस्य ज्युहरु,

अब म यस गरिमामय सभामा आगामी आ.ब . ०७८।०७९ मा सञ्चालन गरिने कार्यक्रमको लागि संक्षेपमा प्रस्तावित वजेट प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षका लागि देहाय अनुसार आय अनुमान गरेको छु ।

| शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा | अक्षरुपी |
|---|---|---|---|---|---|
| वित्तिय समानिकरण अनुदान संघ | | | | १०,०३,००,००० | १० करोड ३ लाख |
| वित्तिय समानिकरण अनुदान प्रदेश | | १,०६,३२,००० | | १,०६,३२,००० | १ करोड ६ लाख ३२ हजार |
| सशर्त अनुदान संघ | १७,००,००,००० | १,३०,००,००० | | १८,३०,००,००० | १८ करोड ३० लाख |
| सशर्त अनुदान प्रदेश | | १,३७,००,००० | | १,३७,००,००० | १ करोड ३७ लाख |
| विशेष अनुदान संघ | | १,९१,००,००० | | १,९१,००,००० | १ करोड ९१ लाख |
| विशेष अनुदान प्रदेश | | ३०,००,००० | | ३०,००,००० | ३० लाख |
| समपूरक अनुदान संघ | | २,११,००,००० | | २,११,००,००० | २ करोड ११ लाख |
| समपूरक अनुदान प्रदेश | | १,१५,००,००० | | १,१५,००,००० | १ करोड १५ लाख |
| राजश्व बाँडफाँड संघ | | | | ६,५०,७९,००० | ६ करोड ५० लाख ७९ हजार |
| राजश्व बाँडफाँड प्रदेश | २,८८,४६८ | | | २,८८,४६८ | २ लाख ८८ हजार ४ सय ६८ |
| आन्तरिक श्रोत अल्या सहित | | | | २,३३,००,००० | २ करोड ३३ लाख |
| आन्तरिक राजश्व | | | | २१,६३,००० | २१ लाख ६३ हजार |
| **जम्मा** | | | | **४५,३१,६२,४६८** | **४५ करोड ३१ लाख ६२ हजार ४ सय ६८** |

अब संघ र प्रदेश सरकारबाट प्राप्त रकम

१. संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त रकम रु ६ करोड ५० लाख ७९ हजार विनियोजन गरेको छु ।

२. संघीय सरकार समानिकरण अनुदान तर्फ १० करोड ३ लाख रकम विनियोजन गरेको छु।
३. संघीय सरकार शसर्त अनुदान तर्फ रु १८ करोड ३० लाख विनियोजन गरेको छु।
४. संघीय सरकार विशेष अनुदान तर्फ तपसिलका योजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गरेको छु।
- पुरु एक घर एक धारा खानेपानी निर्माण योजना – ७१ लाख मात्र
- श्री सेतीवाडा माध्यमिक विद्यालय भवन निर्माण – ६२ लाख मात्र
- मानेचौर माध्यमिक विद्यालय भवन तथा शौचालय निर्माण – ५८ लाख मात्र

५. संघीय सरकार समपूरक अनुदान तर्फ २ करोड ११ लाख रकम विनियोजन गरेको छु।
६. वित्तिय समानिकरण प्रदेश सरकारबाट प्राप्त अनुदान १ करोड ६३ लाख २ हजार विनियोजन गरेको छु।
७. प्रदेश सरकार शसर्त अनुदान तर्फ १ करोड ३७ लाख रकम तपसिलका योजनाहरुको लागि विनियोजन गरेको छु।
- पखाला पानी बाट खलाखर्क खानेपानी तिला ४ जुम्ला – १० लाख
- सुँडी खोला जलविद्युत मर्मत सुँडी तिला ६ जुम्ला – १० लाख
- ढडगाउँ धवलचौर सडक तिला ५ जुम्ला – १५ लाख
- कुडारी स्वास्थ्य चौकी हुदै जक्तिखोला सडक तिला ३ जुम्ला – १० लाख
- माथिल्लो लासि सिंचाइ आयोजना तिला ४ जुम्ला – १० लाख
- कुईमेला सिंचाई योजना जुम्लाकोट तिला ८ जुम्ला – १२ लाख
- मुल्ली खानेपानी तिला ९ जुम्ला – १० लाख
- सुँडी देखि पुरुसम्म खानेपानी तिला ८ जुम्ला – १० लाख
- श्री सरस्वती मा. वि. छात्रावास भवन निर्माण तिला ३ जुम्ला – २० लाख

८. प्रदेश सरकार विशेष अनुदान तर्फ पशेरी वडार बाट ढिपु गाउँ एक घर एक धारा खानेपानी योजना वडा नं ९ को लागि ३० लाख रकम विनियोजन गरेको छु ।
९. प्रदेश सरकार समपूरक अनुदान तर्फ तपसिलका योजनाहरुका लागि तपसिल बमोजिमको रकम विनियोजन गरेको छु।

- नौली घट्ट पुरु काध कैलाश हुदै रासाँ मालापानी सम्म ग्रामीण सडक निर्माण वडा नं ८ र ९ – ६० लाख
- भोटानचौर देखि तल्लो खोप्री-माथिल्लो खोप्री हुदै नदैगुफा सम्म सडक निर्माण वडा नं ४ र ९ - ५५ लाख

१०. प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ २ लाख ८८ हजार ४ सय ६८ रकम विनियोजन गरेको छु ।

अन्तमा आगामी आर्थिक बर्षको निति तथा कार्यक्रम प्रुस्तुत गर्दै गर्दा म यहाँहरूलाइ के स्मरण गराउन चाहन्छु भने सायद संविधान तह यो हाम्रो कार्यकालको अन्तिम निति तथा कार्यक्रम नै हुनेछ । यो निति तथा कार्यक्रम हाम्रो कार्यकालको समिक्षाको दस्तावेज पनि हो भने अर्को तिर हेर्दा पछिल्लो आउने जनप्रतिनिधिको लागि पथ पर्दशन पनि हुनेछ भन्ने आशा अनि विश्वास लिएको छु। यो निति तथा कार्यक्रमले तिला गाउँ पालिकाको भाग्य भविश्य निर्माण गर्ने मार्गचित्र तयार गर्न मद्दत पुग्नेछ । बजेट तथा कार्यक्रम निर्माणमा मार्गनिर्देश गरेकोछ र तिलाको समृद्दी र दिगो विकासको लागि कोसेढुङगा सावित हुनेछ भन्ने पुर्ण विस्वास लिएको छु । यसरी निति तथा कार्यक्रम प्रस्तुतको तहमा सहयोग गर्नु हुने सम्पुर्ण कार्यापालिकाको टोली, जनप्रतिनी, कर्मचारी, राजनीतिक दल, नागरीक समाज, पत्रकार समस्तमा हार्दिक आभार सहित धन्यवाद व्यक्तै गर्दछु ।

**धन्यवाद**